annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ८५, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ८ साउन २०८३ ... शुक्लपक्ष दशमी नेपाल संवत् ११४६ | FRIDAY, JULY 24, 2026 | मूल्य : रु. १०




आवरण समाचार

## सरकारी विज्ञापन नीति :

# सर्वोच्च खोल्ने, सरकार निमोठ्ने

सर्वोच्च अदालतले भनेको छ- 'सरकारका कुनै पनि निर्णयले निजी सञ्चारमाध्यमलाई कमजोर बनाउन मिल्दैन ।' अर्थात्, सर्वोच्चको यो व्याख्याअनुसार सरकारी सूचना र विज्ञापन निर्बाध रूपमा निजी सञ्चारमाध्यममा प्रकाशन र प्रसारण हुनुपर्ने हो । तर, सरकारले सार्वजनिक खरिद ऐनमा संशोधन गरेर 'विद्युतीय बोलपत्र आह्वानका सूचनाहरू विद्युतीय खरिद प्रणालीबाहेक अन्य माध्यममा प्रकाशन गर्नु नपर्ने' प्रावधान बनाएको छ । सर्वोच्च अदालतको व्याख्याविपरीत सरकारले घुमाउरो बाटोबाट निजी सञ्चारमाध्यममाथि 'आर्थिक नाकाबन्दी'को नीति कायमै राखेको भन्दै सरोकारवालाहरूले तीव्र असन्तुष्टि जनाएका छन् ।

**केशरराज क्षेत्री** | *बुटवल*

विस्तृत पृष्ठ २

# विचार मन्थनमा पुराना दल

## कांग्रेसमा 'एनसी फर एनसी' घोषणा



**सुरेन्द्र काफ्ले / राधा खनाल** | *काठमाडौं*

कांग्रेसले विचार र संगठनलाई समयानुकूल डिजिटल रूपान्तरण गर्दै समाजका वास्तविक मुद्दामा फर्किने संकल्प गरेको छ। प्रथम जननिर्वाचित प्रधानमन्त्री एवं कांग्रेसका संस्थापक नेता बीपी कोइरालाको ४४औं स्मृति दिवसका अवसरमा बिहीबार आयोजक केन्द्रीय कार्यालयद्वारा आयोजित विशेष कार्यक्रममा शीर्ष नेतृत्वले सत्ता र चुनावी राजनीतिभन्दा माथि उठेर ऐतिहासिक निर्णय र सामाजिक रूपान्तरणमा केन्द्रित हुने प्रतिबद्धता व्यक्त गरेको हो। कार्यक्रममा पार्टी सभापति गगनकुमार थापा, उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री प्रदीप पौडेल तथा संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले कांग्रेस अब भाषण र चुनाव जित्ने संयन्त्रमा मात्र सीमित नभई सांगठनिक रूपान्तरण र नागरिक हितका ठोस काममा होमिने स्पष्ट पारेका छन्।

कार्यक्रममा सभापति गगनकुमार थापाले पार्टीले सञ्चालन गर्दै आएको 'जरा अभियान' समाप्त भएको घोषणा गर्दै अब नागरिकका प्राथमिकतासँग सीधा जोडिने नयाँ राष्ट्रिय अभियान 'एनसी फर एनसी (नेपाली कांग्रेस फर नेसनल कज)' को प्रारम्भ गरिएको जानकारी दिए। आगामी स्थानीय तथा प्रदेश निर्वाचनका नाममा केही पक्षले तर्साउने प्रयास गरे पनि कांग्रेस कुनै पनि चुनावबाट नआत्तिने दाबी गर्दै थापाले भने, 'हामी इलेक्सन मेसिनजस्तो मात्रै हुनुहुँदैन। चुनाव जित्ने वा हार्ने डरले पार्टीले आफ्नो वैचारिक अडान र आस्थासँग कहिल्यै सम्झौता गर्दैन। हाम्रो पहिलो प्राथमिकता सत्ता होइन, नागरिकको भरोसा जित्नु हो।' सभापति थापाका अनुसार साउन ७ देखि भदौ २४ (बीपी जयन्ती) सम्म सांगठनिक तयारी र नागरिकसँग जोडिने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

भदौ २४ गते प्रत्येक कांग्रेस सदस्य र कमिटीले देश र नागरिक हितका लागि विशेष 'प्लेज' गर्ने योजना बनाइएको छ। कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले वर्तमान समयले कांग्रेससँग केवल प्रेरणादायी भाषण नभई ऐतिहासिक र साहसिक निर्णयको अपेक्षा गरेको बताए। 'विगतमा एक नेताको भाषणले महिनौंसम्म संगठनमा ऊर्जा दिने समय रहे पनि अहिले परिस्थिति पूर्णरूपमा बदलिएको छ,' आङ्देम्बेले भने, 'अहिले पार्टीले समय र परिस्थितिअनुसार ठोस निर्णय गर्नुपर्छ, यसलाई कसैले नजरअन्दाज गर्नुहुँदैन।'

बाँकी पृष्ठ ६

## ओली भन्छन्- 'लोकतान्त्रिक-वामपन्थी शक्ति एक हुनुपर्छ'



लोकतान्त्रिक व्यवस्था, संविधान र राष्ट्रिय स्वाधीनता गम्भीर संकटमा परेको भन्दै प्रमुख राजनीतिक दलका शीर्ष नेता, संविधानविद् तथा कानुनी विश्लेषकहरूले लोकतन्त्रको रक्षाका लागि सम्पूर्ण लोकतान्त्रिक, वामपन्थी र देशभक्त शक्तिहरू एकजुट हुनुपर्नेमा जोड दिएका छन्।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको ४८औं स्मृति दिवसका अवसरमा आयोजित छुट्टाछुट्टै कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, नेकपा संयोजक पुष्पकमल दाहाल, नेता नारायणकाजी श्रेष्ठ, संविधानविद् राधेश्याम अधिकारी र वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले वर्तमान सरकारको कार्यशैलीले निरंकुशता र अराजकता निम्त्याएको आरोप लगाएका हुन्।

पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले लामो बलिदान र संघर्षबाट प्राप्त लोकतन्त्र अपहरित भएको दाबी गर्दै अब लोकतन्त्रको पुनः सुदृढीकरण मात्र नभई यसलाई फिर्ता ल्याउने लडाइँ लड्नुपर्ने अवस्था आएको बताए। केवल निर्वाचन हुनु नै लोकतन्त्रको सुनिश्चित आधार नहुने उनको तर्क थियो।

'नेपालको बलिदानपूर्ण लामो संघर्षबाट ल्याएको लोकतन्त्र अपहृत भएको छ, आज लोकतन्त्रको पुनः सुदृढीकरण होइन, फिर्ता लिनुपर्ने भएको छ,' ओलीले भने, 'चुनावको आयोजना लोकतन्त्रको अभ्यास त होला, तर त्यो चुनावको आयोजना कस्तो अवस्थामा केका लागि गरियो, यो महत्त्वपूर्ण छ। चुनावले मात्र लोकतन्त्र हुँदैन।' विभिन्न देशमा चुनाव भए पनि लोकतन्त्र नहुने गरेको उल्लेख गर्दै अध्यक्ष ओलीले गत भदौ २३ र २४ गतेका घटना नेपालको इतिहासमै कल्पना गर्न नसकिने खालको भएको टिप्पणी गरे। १० वर्षे माओवादी सशस्त्र संघर्षभन्दा पनि ती घटनाहरू भयावह भएको आरोप लगाउँदै उनले तत्कालीन वैधानिक सरकारविरुद्ध असंवैधानिक र आतंकपूर्ण तरिकाले संसद् विघटन गराइएको दाबी गरे। अहिलेको शासन प्रणालीमा पञ्चायतकालको भन्दा पनि बर्बर दमन भइरहेको र प्रहरी प्रशासनलाई समेत दमनका लागि दुरुपयोग गरिएको ओलीको भनाइ थियो।

'कुन दमन ? कुन बर्बरता ? कुन राणा शासनमा छु भन्ने लागेको छ सरकारलाई ? प्रहरी फेरि के भएको हो ? यिनीहरूले नै होइन अस्ति प्रहरीलाई लखेटी-लखेटी दुःख दिएको ? अहिले केही प्रहरी तिनैको आदेशमा दमन गर्न लागिपरेका छन्,' उनले आक्रोश पोखे।

बाँकी पृष्ठ ५

